# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल,भाद्र६गते,२०७९साल (अतिरिक्ताङ्क९(ग)

भाग १

## मधेश प्रदेश सरकार

## कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

## संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सम्वत् २०७९ सालको ऐन नं. ७

**प्रस्तावनाः** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक लगायत सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको स्थापना, स्वीकृति, सञ्चालन, नियमन गर्न र त्यस्तो

संस्थाहरुको क्रियाकलापलाई पारदर्शी बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश संस्था दर्ता ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समिति सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले गृह तथा संचार मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(ङ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(च) "संस्था दर्ता अधिकारी" भन्नाले दफा १९बमोजिमको तोकिएको अधिकारी सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थाको दर्ता र नविकरण

३. **संस्था दर्ता गर्नु पर्नेः** (१) कसैले यस ऐन बमोजिम संस्था दर्ता नगरी स्थापना र सञ्चालन गर्न गराउन हुँदैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि संघीय कानून बमोजिम दर्ता भई यस प्रदेश क्षेत्रभित्र सञ्चालनमा रहेका संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ । त्यस्तो संस्थाले यो ऐन प्रारम्भ भएपछि संघीय कानून बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाणपत्र, विधान र कार्य समितिमा रहेका सदस्यहरुको नागरिकताको प्रतिलिपि संस्था दर्ता अधिकारी समक्ष अभिलेखको लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको संस्थाले यस प्रदेश क्षेत्रभित्र कार्य सञ्चालन गर्दा यसै ऐन र नियमावली बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(४) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ ।

तर उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, भूकम्प, आगलागी लगायतका विपद्का घटनामा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले यस प्रदेशभित्र सहयोग गर्न चाहेमा संस्था दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिएर काम गर्न सक्नेछन् ।

(५) उपदफा (२) र (४) बमोजिमको संस्थाले आफ्नो कार्यक्षेत्र रहेको स्थानीय तहमा काम गर्न चाहेमा सो कुराको जानकारी स्थानीय तहलाई गराउनु पर्नेछ र स्थानीय तहले पनि त्यस्तो संस्थाको अभिलेख राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्थानीय तहमा जानकारी गराउदा संस्थाको विधान, दर्ता प्रमाणपत्र, नवीकरण लगायतका कागजात संलग्न राखी आफुले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभाव समेत खुलाएको विवरण समेत पेश गर्नु पर्नेछ ।

(७) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **<u>संस्थाको दर्ता:</u>** (१) कुनै पनि संस्था स्थापना गर्न कम्तीमा सात जना वा सो भन्दा बढी व्यक्तिले संस्था सम्बन्धी देहायको विवरण खुलाई विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम,

(ख) उद्देश्य तथा कार्य,

(ग) समितिका सदस्यको नाम ठेगाना, नागरिकताको प्रतिलिपि, सम्पर्क नम्बर र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) संस्थाको कार्यालय रहने ठेगाना,

(च) तोकिएका अन्य आवश्यक विवरण ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिए बमोजिमको वर्गिकरणको आधारमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ ।

(३) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर प्रदेश सरकारले तोकेको अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि उपदफा (३) बमोजिम तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब देखेमा सो संस्था दर्ता गर्न संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि १४ दिन भित्र अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा बमोजिम दिइने निवेदन र प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

५. नविकरण गर्नुपर्नेः (१) यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक पाँच आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र तोकिएको दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

(२) नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. संस्थाको उद्देश्यमा हेरफेरः (१) कुनै संस्थाले आफ्नो संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ।

(२) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा प्रत्येक संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बोलाइएको विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) यस दफा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## संगठित संस्था

७. **संगठित संस्था मानिने:** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ सो संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

## परिच्छेद-४
## संस्थाको सम्पत्ति र हिसाब

८. **संस्थाको सम्पत्ति:** (१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरुस्त राखी एक प्रति संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले सम्बन्धित प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति फिर्ता लिई सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी संस्था दर्ता अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(४) कुनै संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराधजन्य कार्य गरेमा त्यस्तो संस्थाको कुनै सदस्य वा कर्मचारी वा व्यक्ति विरुद्ध संस्था दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

९. <u>आर्थिक कारोबारको विवरण पठाउनु पर्ने:</u> कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोबारको लेखा परीक्षकको प्रतिवेदन सार्वजनिक गर्नुका साथै सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१०. <u>हिसाब जाँच गर्ने:</u> (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजात पत्र वा निजले चाहेको जानकारी दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको दायित्व हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले संस्था दर्ता अधिकारीले तोकेको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो

पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल उपर गर्न कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ ।

## परिच्छेद-५
## दण्ड सजाय र पुनरावेदन

११. **दण्ड सजायः** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा त्यस्तो संस्थाका कार्य समितिको सदस्यहरुलाई संस्था दर्ता अधिकारीले पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ६ बमोजिम नविकरण नगरी संस्था संचालन गरेमा त्यस्तो संस्थाका कार्य समितिको सदस्यहरुलाई संस्था दर्ता अधिकारीले दुई हजार रुपैयाँ देखि पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा ९ बमोजिम आर्थिक कारोबारको विवरण नपठाएमा त्यस्तो संस्था संस्थाका कार्य समितिका सदस्यलाई दर्ता अधिकारीले जनही पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ११ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा निजले चाहेको जानकारी नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१२. **पुनरावेदनः** दफा ११ बमोजिम संस्था दर्ता अधिकारीले गरेको निर्णय वा दफा १४ को उपदफा (४) बमोजिम समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद-६
## विविध

१३. **निलम्बन र खारेजीः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछः

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

(ख) लगातार तीन वर्षसम्म आर्थिक कारोबारको हिसाब नबुझाएमा,

(ग) तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरे गराएकोमा ।

(२) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरे गराएमा त्यस्तो संस्था खारेज सम्बन्धी कारबाहीको लागि संस्था दर्ता अधिकारीले समितिमा सिफारिस गर्न सक्नेछः

(क) अनुमति नलिई अर्को संस्थामा गाभेमा,

(ख) संस्थाको उद्देश्य हेरफेर गरेको विषय संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति नलिई कार्यान्वयन गरेमा,

(ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा,

(घ) दफा ११ को उपदफा (२) बमोजिम जरिवाना तिरेको मितिले तोकिएको समयभित्र पनि नवीकरण नगराएमा,

(ङ) संस्थाको विधान विपरित कार्य गरेमा,

(३) उपदफा (१) बमोजिम निलम्बन गर्नु अघि वा उपदफा (२) बमोजिम खारेजीको सिफारिस गर्नुभन्दा अघि त्यस्तो संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफाई मनासिब देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

१४. **अनुगमन तथा मूल्याङ्कन समितिः** (१) यस ऐन बमोजिम स्थापना भएको संस्थाले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न तोकिए बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले संस्थाको अनुगमन गर्न समितिका सदस्यहरुको टोली खटाउन सक्नेछ । सो टोलीबाट अनुगमन गर्दा यस ऐन बमोजिम तोकिएको कार्य नगरेको भनि प्रतिवेदन दिएमा वा दफा १३ को उपदफा (२) बमोजिम खारेजीका लागि समिति समक्ष सिफारिस भै आएमा समितिले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाईको मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको जवाफ चित्त नबुझेमा समितिले दर्ता खारेज गर्न सक्नेछ ।

१५. **पुरस्कार सम्बन्धी व्यवस्थाः** (१) यस प्रदेश भित्र कार्यक्षेत्र भएका संस्थाले उत्कृष्ट कार्य गरे वापत तोकिए बमोजिमको समितिको सिफारिशमा मन्त्रालयले पुरस्कार दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गर्नेछ ।

१६. **वैदेशिक सहयोग लिन सक्नेः** (१) यस ऐन बमोजिम स्थापना भएका संस्थाले प्रचलित संघीय कानून बमोजिम वैदेशिक सहयोग लिने सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको वैदेशिक सहयोग जुन उद्देश्यका लागि प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त गर्ने वैदेशिक सहयोग प्रदेश सरकारको बजेट मार्फत मात्र परिचालन हुनेछ ।

१७. **संस्थाको विघटन वा खारेजी र त्यस्को परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐन बमोजिम वा अन्य कुनै कारणबाट संस्था विघटन वा खारेज भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा प्रदेश सरकारमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन वा खारेज भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व प्रदेश सरकारले व्यहोर्नेछ ।

१८. **समन्वय तथा सहकार्य गर्न सक्नेः** यस ऐनको कार्यान्वयनको लागि आवश्यकता अनुसार स्थानीय तह वा सार्वजनिक संस्थासँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

१९. **<u>संस्था दर्ता अधिकारीः</u>** संस्था दर्ता गर्ने निकाय तथा अधिकारी प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

२०. **<u>निर्देशन दिनेः</u>** प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२१. **<u>नियम बनाउनेः</u>** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः२०७९।०५।०६

आज्ञाले,
उत्तम प्रसाद खरेल
निमित्त प्रदेश सचिव
कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय